हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड
Himalayan Laghubitta Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था
A subsidiary company of Himalayan Bank Limited

Central Office
Chabahil, Kathmandu, Nepal
Phone: 977-1-4598333, 4598334
E-mail: info@himalayanlaghubitta.com
Website: www.himalayanlaghubitta.com

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको सार्वजनिक गरिएको विवरण देहाय बमोजिम रहेको छ ।

## (आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमासिक विवरण)

(प्रकाशित मिति २०८३/०१/१५)

(क) **निकायको स्वरुप र प्रकृति** : हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड (हिमालयन बैंक लिमिटेडको सहायक कम्पनी) कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भइ बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त गरी संचालित "घ" वर्गको लघुवित्त वित्तीय संस्था हो ।

(ख) **निकायको काम, कर्तव्य र अधिकार** : यस वित्तीय संस्थाको काम, कर्तब्य र अधिकार बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले तोकेबमोजिम रहेका छन् ।

(ग) **निकाय रहने कर्मचारी संख्या र कार्य विवरण** : यस संस्थामा हाल कार्यरत कर्मचारी संख्या ३११ रहेको छ र निज कर्मचारीहरुको कार्य विवरण समय-समयमा संस्थाले तोकेबमोजिम हुनेछ । संस्थाले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ ।

(घ) **निकायबाट प्रदान गरिने सेवा** : यस संस्थाले प्रदान गर्ने सेवाहरुमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "घ" वर्गको वित्तीय संस्थाहरुले प्रदान गर्न सक्ने सम्पूर्ण लघुवित्त सेवाहरु रहेका छन् ।

(ङ) **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :** यस संस्थाका शाखा कार्यालयहरु र सो शाखा कार्यालयका जिम्मेवार अधिकारीहरुको विवरण संस्थाको आधिकारिक वेबसाइट www.himalayanlaghubitta.com मा उपलब्ध गरिएको छ ।

(च) **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :** यस संस्थाले प्रदान गर्ने विभिन्न सेवाको दस्तुर तथा अवधि यस संस्थाले समय-समयमा निर्धारण गरे बमोजिम हुनेछ र सोको जानकारी यस संस्थाको आधिकारिक वेबसाइट www.himalayanlaghubitta.com मा उपलब्ध रहेको छ ।

(छ) **निर्णय गर्ने प्रक्रिया र अधिकारी** : यस संस्थाबाट प्रदान गर्ने सेवा सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले विभिन्न प्रकारका निर्णय गर्न सक्ने विकेन्द्रिकृत अख्तियारीको व्यवस्था मिलाइएको छ । दैनिक कार्य संचालनका लागि प्रमुख कार्यकारी अधिकृत तथा नीतिगत निर्णयहरुका लागि संस्थाको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छन् ।

(ज) **निर्णय उपर उजुरी सुन्ने अधिकारी** : यस संस्थामा प्राप्त गुनासा, उजुरी तथा सुझावहरु उपर गम्भीरतापूर्वक मनन् गरी उक्त उजुरी तथा सुझावहरु समाधान तथा कार्यान्वयन गर्ने गरिएको छ । यस वित्तीय संस्थाले केन्द्रीय तहमा श्री सुमन कुमार दाहाल र प्रत्येक प्रदेश तहमा अनुगमन अधिकृतलाई गुनासो/उजुरी सुन्ने अधिकारीको रुपमा तोकिएको छ । साथै, गुनासो/उजुरी सुनुवाईका लागि यस संस्थाको आधिकारिक वेबसाइट www.himalayanlaghubitta.com भित्र **"गुनासो दर्ता गर्नुहोस्"** भन्ने छुट्टै पोर्टलको समेत व्यवस्था गरिएको छ ।

(झ) **सम्पादन गरेको कामको विवरण** : यस संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्था बमोजिम र नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशनमा भएको निर्देशन बमोजिम लघुवित्त सेवाहरु सम्पादन भइरहेको छ ।

(ञ) **सूचना अधिकारी र प्रमुखको नाम र पद** : यस वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतमा श्री विनोद आचार्य र सूचना अधिकारी तथा कम्पनी सचिवको रुपमा श्री देवकर कार्की कार्यरत रहनु हुनेछ । साथै, शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखहरुलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।

(ट) **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची** : प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम, नेपाल राष्ट्र बैंकले निर्दिष्ट गरेका विनियमहरु पालना गर्नुपर्ने हुन्छ र कार्य संचालनका लागि आवश्यक निर्देशिकाहरु तयार गरी राखिएको छ ।

(ठ) **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण** : यस संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणहरु राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ । साथै, सो विवरणहरु वित्तीय संस्थाको आधिकारिक वेबसाइट www.himalayanlaghubitta.com मा समेत अद्यावधिक गरिएको छ ।

(ड) **तोकिए बमोजिमका अन्य विवरणहरु** : नियमानुसार तोकिए बमोजिमको अन्य विवरणहरू राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरिनुका साथै संस्थाको वेबसाइट www.himalayanlaghubitta.com मा समेत अद्यावधिक गरिएको छ ।

(ढ) **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :** वार्षिक साधारण सभा, कर्मचारीहरुको तालिम तथा गोष्ठी, ग्राहक सदस्यहरुको तालिम तथा गोष्ठी आदी ।

(ण) **सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण :** www.himalayanlaghubitta.com

(त) **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :** नभएको ।

(थ) **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति विवरण :** संस्थाले गर्ने नियमित कार्य बाहेक अन्य कार्य नभएको ।

(द) **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :** संस्थाले आफ्नो वित्तीय कारोबारको सिलसिलामा विभिन्न सूचनाहरू प्रकाशन गर्ने गरेको तर त्यस्तो सूचना वर्गीकरण भने नगरिएको ।

(ध) **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय :** निवेदन प्राप्त नभएको ।

(न) **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :** प्रत्येक ३/३ महिनामा प्रकाशित हुने त्रैमासिक आर्थिक विवरणहरु, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिमका विवरणहरु, प्रत्येक वर्ष सम्पन्न हुने साधारण सभा सम्बन्धी जानकारी, तोकिए बमोजिमका वार्षिक वित्तीय विवरणको मुख्य-मुख्य अनुसूचीहरु, कर्जा असुली सम्बन्धी सूचना र कर्जा तथा बचतको ब्याजदर सम्बन्धी सूचना प्रकाशन गरिएको ।

OCR Reg. No. 1287/067/068 NRB License No. "Gha"/24/068/069 PAN 305039624

मिति २०८३/०१/१५ गतेको अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ।